# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, कात्तिक २५ गते २०५४ साल (संख्या ३०

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२, संख्या ४५, मिति २०४६।११।११ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ द्वारा गठित आय निर्धारण समितिको कार्यावधि २०५३ आषाढ मसान्तमा समाप्त भई खण्ड ४६, संख्या १७, मिति २०५३।४।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ अनुसार थपिएको कार्यावधि पनि गत २०५४ आषाढ मसान्तमा समाप्त भएकोले पुनः उक्त समितिको कार्यावधि २०५४ साल श्रावण १ गतेदेखि २०५५ साल आषाढ मसान्तसम्मको लागि थप गरिएको छ । उक्त समितिले आयकर दर्ता प्रमाणपत्र लिई नसकेका तथा प्रमाणपत्र लिए तापनि आफ्नो आर्थिक वर्ष २०४७।४८ र सो भन्दा अघिका आर्थिक वर्षहरूदेखिको आय विवरण पेश नगरेका करदाताहरूको कर निर्धारण गर्ने प्रयोजनको लागि खुद आय निर्धारण गर्ने गराउने छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

## सूचना २

श्री ५ को सरकारले भंसार ऐन, २०१९ को दफा ९ को उप दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल अपाङ्ग समाज, केन्द्रीय कार्यालयले अपाङ्गहरूलाई तालीम दिने प्रयोजनको लागि सो कार्यालयको नाममा भारतको अमृतसरबाट खरिद गरी आयात गर्ने बुक बाइन्डिङ्ग परफरेटिङ्ग र वायर स्टिचिङ मेशीनमा एक प्रतिशत भंसार महसूल लिई बिक्रीकर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ बमोजिम खण्ड ४७, अतिरिक्तांक १८, मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भोटेकोशी पावर कम्पनी प्रा.लि. लाई माथिल्लो भोटेकोशी जल विद्युत आयोजनाको वित्तीय व्यवस्था गर्ने प्रयोजनको लागि उक्त कम्पनीको शेयर एवं जायजेथा धितोमा राखी कर्जा लिंदा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तूर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री जनक उच्च मा.वि. गैंडाकोटको भवन निर्माणमा आवश्यक पर्ने ६० टन छड नेपाल स्टील प्रा.लि. रत्न नगर चितवनबाट र ४४०० बोरा सिमेन्ट हेटौंडा सिमेन्ट उद्योगबाट खरिद गर्दा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।